## भरतपुर महानगरपालिकाको मिति २०७६/०९/१३ गते सम्पन्न पाँचौं नगर सभाको निर्णयहरुः

**निर्णय नं. १**

नगर प्रमुखबाट पेश भएको आ. व. २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम र वजेटको हालसम्मको प्रगतिको समीक्षा गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

महानगरपालिकाको आ. व. ०७६/०७७ को पूरक वजेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

भरतपुर महानगरपालिकाको सहकारी (प्रथम संसोधन) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

भरतपुर महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्थित गर्न वनेको विधेयक, २०७६ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

भरतपुर महानगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७६ लाई प्रथम संशोधन गर्न बनेको विधेयक, २०७६ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्तावित कानून बमोजिम योग्यता पुगेका मेलमिलाप कर्ताहरुको सूची प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

भरतपुर महानगरपालिकाको चौथो नगरसभा देखि हाल सम्मका नगर कार्यपालिका तथा कार्यालयले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

भरतपुर महानगरपालिकाको वार्षिक योजना संशोधन, वजेट रकमान्तर गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

भरतपुर महानगरपालिकाको संञ्चितकोषमा जम्मा हुन आएको र भविष्यमा जम्मा हुन आउने रकम वजेटमा व्यवस्था भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ११**

चौथो नगर सभाबाट पारित वार्षिक नगर विकास योजनाको पूर्वाधार विकासतर्फ विनियोजित रु. ४ करोड ५३ लाख, युवा तथा खेलकुदतर्फ विनियोजित ४७ लाख र हरेक वडाबाट प्रति वडा रु. ५ लाखका दरले विनियोजित रु. १ करोड ४५ लाख गरी जम्मा हुन आउने रु. ६ करोड ४५ लाख राष्ट्रिय गौरबको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि बिल भरपाई पेश गर्ने गरी धुर्मुस सुन्तली फाउन्डेसनलाई एकमुष्ठ नगद अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

महानगरपालिकाको चौथो नगर सभा र पूरक बजेटमा व्यवस्था भएका योजनाहरु स्थानीय माग, साइटको अवस्था र असमझदारी लगायतका कारणबाट परिवर्तन गर्नुपरेमा उक्त योजना संशोधन गर्ने अधिकार नगर प्रमुखलाई दिइयो ।

**निर्णय नं. १३**

प्रचलित कानूनको अधिनमा रही रकमान्तर गर्ने नगर सभाको अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

नगर प्रमुख र उपप्रमुखको निवासको विद्युत तथा खानेपानीको बिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

जनसहभागिता वापत महानगरको संचितकोषमा जम्मा हुन आएको/आउने उपभोक्ता वा संघ/संस्थाको तपसिल बमोजिमको रकमलाई फिर्ता गर्ने नीतिगत निर्णय गरियो:-

**तपसिल:**

१. वडा नं. ५ को जिवेली केरावारी मार्ग पिच निर्माण उपभोक्ता समितिको जनसहभागिता वापत वढी जम्मा भएको रकम रु. ७२,२४२।–

२. वडा नं. ९ को नमूना मार्ग पिच उपभोक्ता समितिको जनसहभागिता वापत वढी जम्मा भएको रकम रु. ६,८२,३४७।–

३. वडा नं. १० को हिमाली टोल विकास संस्थाले जम्मा गरेको तर कार्य सम्झौता नभएको रकम रु. २८,४३,४८९।–

४. कार्यसम्पादन बमोजिमको लागत मूल्याङ्कन भन्दा वढी भएको रकम अनुसार वडा नं. ११ को शुभमार्ग पीच निर्माण उपभोक्ता समितिलाई रु. ८,५९५।- र भृकुटीमार्ग पिच निर्माण उपभोक्ता समितिलाई रु.१,२४,२२४।–

५. वडा नं. १२ को घरेलु टोल विकास संस्थाले पिच तथा सतह ढल निर्माण गर्न जनसहभागिता वापत रकम जम्मा गरेको तर सम्झौता तथा काम नभएकोले रु. ६,५०,०००।–

Scanned by CamScanner

६. वडा नं. २३ को कसरा चोकदेखि लक्ष्मी मा. वि. पुल गेटसम्मको बाटो निर्माण उपभोक्ता समितिले जनसहभागिता वापत बढी जम्मा गरेको रु. १,२०,०००।–

७. बायोग्यास प्लान्ट निर्माणको लागि नेपाल उर्जा विकास कम्पनी प्रा. लि. सँग सम्झौता भई कार्य संचालन नभएको धरौटी वापतको रकम संचित कोषमा जम्मा हुन गएको रकम रु. २५,०००।–

**निर्णय नं. १६**

चालु आ. व. २०७६/०७७ को नेपाल सरकारको बजेट वक्तव्य अनुसार स्थायी कर्मचारीको तलब भत्ता वृद्धि भएको तर महानगरमा करार तथा ज्यालादारी सेवामा कार्यरत सम्पूर्ण कर्मचारी तथा नगर प्रहरीहरुले पुरानै तलव भत्ता पाइरहेकोले आगामी माघ १ गतेदेखि लागू हुनेगरी करार तथा ज्यालादारीका सन्दर्भमा करार अवधि समाप्त भएपछि पुन म्याद थप गरी संसोधन र मिलान गर्न र स्थाई कर्मचारीको हकमा स्वीकृत स्केल वमोजिम अपलव्ध गराउने निर्णय गरियो ।

२०७६।३।१२

Scanned by CamScanner